# स्याउको ग्रेडर मेसिन वितरण तथा सञ्चालन सहयोग कार्यविधि २०७५

**प्रस्तावना**

गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रमा व्यवसायिक तवरमा स्याउको खेती हुँदै आइरहेको छ। व्यवसायिक स्याउ खेती गर्ने कृषकहरू बिच फल टिपाइपछि गर्नुपर्ने क्रियाकलापहरूको बारेमा कम जानकारी भएकाले सबै फललाई एकै ठाउँमा मिसाएर विक्री गर्ने गरेको पाइन्छ । यसो गर्दा एकातिर कृषक तथा व्यापारीले कृषि उपजको विक्रीबाट अपेक्षित मुनाफा प्राप्त गर्न सकिरहेका छैनन् भने अर्कोतिर फलको गुणस्तरमा ह्रास, उत्पादनोपरान्त उच्च दरमा पोष्टहार्भेष्ट क्षति हुने गरेकोछ । स्याउलाई टिपे पश्चात व्यवस्थित ढङ्गले सर्टिङ, ग्रेडिङ, प्रोसेसिङ, प्याकिङ गरेपश्चात गुणस्तरयुक्त फलमात्र बजारमा विक्रीका गरेमा र सोबाट कृषक, व्यवसायीले उचित मूल्य प्राप्त गर्ने र उपभोक्ताले समेत गुणस्तरीय फल उपभोग गर्न पाउने भएकाले आ.व. २०७५।७६ को लागि सङ्घबाट ससर्त अनुदान प्राप्त स्याउको ग्रेडर मेसिन वितरण कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाइ कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम **"स्याउको ग्रेडर मेसिन वितरण तथा सञ्चालनमा अनुदान सहयोग कार्यविधि २०७५"** रहेको छ।

ख) यो कार्यविधि गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलबाट स्वीकृत भई गण्डकी प्रदेश सरकारबाट लागू भएको छ ।

**२. कार्यविधि लागू हुने क्षेत्र**

यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ।

**३. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"उद्यमी"** भन्नाले यस कार्यविधि अनुरूप स्याउको ग्रेडर मेसिन खरिद तथा ग्रेडर मेसिन जडान गरिने घर/टहराको निर्माण गर्नका लागि पाउने अनुदान लिने उद्देश्यले आवेदन दिने निजी कम्पनी वा कृषक समूह वा सहकारी संस्था वा सार्वजनिक वा गैर-सरकारी संस्था वा बजार समिति सम्झनुपर्दछ ।

## अनुसूची २

## स्याउको ग्रेडर मेसिन वितरण तथा सञ्चालन कार्यक्रमको अनुदान सहयोग मागका लागि आवेदन फाराम

श्रीमान् ..............................

.......................................... ।

मेरो/हाम्रो ........................ स्याउ उत्पादक कृषक, निजी कम्पनी, कृषक समूह, सहकारी संस्था, सार्वजनिक वा गैरसरकारी संस्था वा बजार समितिहरूबाट .................. जिल्ला, ........................ म.न.पा./उप-म.न.पा./न.पा./गा.पा., वडा नं .................. अन्तर्गत ................स्थानमा स्याउको ग्रेडर मेसिन खरिद तथा ग्रेडर मेसिन जडान गरिने घर/टहराको निर्माण गरी सञ्चालन गर्ने लक्ष्य रहेकोले सोका लागि कुल लागत अनुमान रु.................मध्ये रु .................. मेरो/हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रु........................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजात संलग्न राखी यो आवेदन पेश गरेको छु/गरेका छौं ।

<u>संलग्न कागजातहरू</u>

१) रु.१० को टिकट टाँसेको अनुसूची २ अनुसारको आवेदन ।

२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३) सङ्घ/संस्था दर्ता तथा नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर लिएको प्रमाणको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि ।

४) सम्बन्धित म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.को कृषि शाखाबाट कार्यक्रम सञ्चालन गरिने स्थान प्राविधिक रूपमा उपयुक्त रहेको व्यहोराको सिफारिस-पत्र ।

५) ग्रेडर मेसिन जडान हुने स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि साथै जग्गा/घर/टहरा भाडामा लिएको भए सम्झौता-पत्रको प्रतिलिपि।

६) निजी, फर्म/संस्था/कम्पनीले व्यहोर्नुपर्ने रकम नगद मौज्दात रहेको प्रमाण (बैङ्क स्टेटमेन्ट) र लगानीको स्रोतको आधार ।

७) सडक, बिजुली र पानीको स्रोतको आधिकारिक प्रमाण (पुष्टि हुने कागजात) ।

८) अनुसूची ३ बमोजिमको कार्ययोजनाको विवरण ।

९) फर्म/संस्था/कम्पनीले सम्बन्धित काम गरेको आधिकारिक-पत्र ।

१०) कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता-पत्र ।

११) खरिद गर्न चाहेको ग्रेडर मेसिनको लागत मूल्य तथा स्पेसिफिकेसन ।

१२) संस्थाले व्यहोर्ने रकम र उक्त रकम व्यहोर्ने प्रतिबद्धता

१३) कम्तीमा १०० टन उत्पादन/सङ्कलन/कारोवार गर्ने सम्बन्धी सम्बन्धित म.न.पा./उप-म.न.पा./न.पा./गा.पा. को सिफारिस पत्र ।

*(नोटः माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरू मूल्याङ्कनको लागि अगाडि बढाइने छैन ।)*

निवेदक

फर्म/संस्थाको छाप

## अनुसूची ३

## म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.ले प्रदान गर्ने सिफारिस-पत्रको ढाँचा

........... कार्यालयको मिति ..... को राष्ट्रिय दैनिक ...... मा प्रकाशित सूचना अनुसार ........ जिल्ला .... म.न.पा./उप-म.न.पा./न.पा./गा.पा., वार्ड नं. ............ टोल ............ मा सञ्चालित .......... फर्म/कृषक, निजी कम्पनी, कृषक समूह, सहकारी संस्था, सार्वजनिक वा गैर-सरकारी संस्था वा बजार समितिले सिफारिस पाउँ भनी दिनु भएको निवेदन उपर जानकारी भएअनुसार उक्त फर्म/कृषक/निजी कम्पनी/कृषक समूह/सहकारी संस्था/सार्वजनिक वा गैर-सरकारी संस्था/बजार समिति आ.व. .... देखि निरन्तर रूपमा सञ्चालन भई वार्षिक ........... टन स्याउ उत्पादन/सङ्कलन/प्रशोधन/विक्री गर्ने भएको र उक्त संस्थाबाट ......... कृषक घरपरिवार लाभान्वित भईरहेको हुँदा नियमानुसार ग्रेडर मेसिन खरिद तथा सञ्चालनका लागि अनुदान रकम उपलब्ध गरिदिनु हुन सिफारिस सहित अनुरोध गर्दछु।

कार्यालय प्रमुख
नामः
पदः
दस्तखतः
कार्यालयको छापः

